जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १४७ २०८२ साल पुस २५ गते शुक्रबार (9 Jan 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : आगामी प्रतिनिधिसभा निर्वाचनमा ८०... ३ पृष्ठमा : आचारसंहितामा नयाँ ... ३ पृष्ठमा बङ्गलादेशमा बीएनपी नेता...

## निर्वाचनलाई लक्षित गर्दै तीन पार्टीद्वारा कार्यदल गठन



**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

चुनावमा प्रभावकारी रुपमा भूमिका निर्वहन, संचालन र समन्वयका लागि राष्ट्रिय मुक्ति पार्टीको जिल्ला अध्यक्ष दिपेन्द्र कुमार चौधरीको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको छ ।

आगामी निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाल र जनता समाजवादी पार्टीका जिल्ला अध्यक्षसहित प्रमुख नेताहरुको बिहीबार बसेको संयुक्त बैठकले सो कार्यदल गठन गरेको हो ।

बैठकले सदस्यहरुमा जनता समाजवादी पार्टीका अध्यक्ष सत्यनारायण यादव, नागरिक उन्मुक्ति पार्टी नेपालका अध्यक्ष ब्रिजेन्द्र चौधरी, जसपाका नेता संतोष मण्डल, राष्ट्रिय मुक्ति पार्टीका सचिव बिरेन्द्र यादव, नागरिक उन्मुक्ति पार्टीका नेता रमाकान्त चौधरी र राष्ट्रिय मुक्ति पार्टीका महिला नेतृ रिसु चौधरी छन् ।

सोही बैठकले आगामी चुनावको बारेमा पहिचान, प्रतिनिधित्व र पहुँचको राजनीतिसँगै स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादको स्थापनाका लागि तीन पार्टीले गर्दै आएको संघर्षको सन्दर्भमा आगामी चुनावलाई एउटा संघर्षको कडीको रुपमा लिने निर्णय समेत गरेको छ ।

त्यस्तै सामाजिक आन्दोलनको सम्बन्धमा सुशासन र भ्रष्टाचार मुक्त समाज निर्माण गर्नुका साथै जिल्लाको शिक्षा, स्वास्थ्यमा सुधार तथा सप्तरी जिल्लाको बृहत्तर विकासका लागि सामाजिक आन्दोलनका कार्यक्रमहरु संयुक्त रुपमा अगाडी बढाउने निर्णय पनि गरेको तीन पार्टीका जिल्ला अध्यक्षद्वारा जारि संयुक्त प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## जलेश्वरको करदाता सेवा कार्यालय खारेज

**दैनिक समाचारदाता**
**महोत्तरी, २४ पुस ।**

महोत्तरीको जलेश्वरस्थित करदाता सेवा कार्यालय खारेज गरिएको छ । नेपाल सरकारको निर्णय बमोजिम सो कार्यालय खारेज भएको आन्तरिक राजस्व कार्यालय जनकपुरधामले जनाएको हो ।

उक्त कार्यालयमार्फत हुँदै आएको करसम्बन्धी सम्पूर्ण कार्य बिहीबारबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय जलेश्वरबाट हुने आन्तरिक राजस्व कार्यालयका प्रमुख आन्दनकुमार गुप्ताले बताए ।

## वर्कशप बन्द हुने सुचना

यस सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ७ लाई आफ्नो कर्मथलो बनाई संचालन हुदै आएको राजेश कुमार अर्याल इलेक्ट्रोनिक वर्कशप २०८२ साल फागुन १ गतेदेखी बन्द भई बिराटनगर जाने हुदा उक्त इलेक्ट्रोनिक वर्कशपमा मर्मतका लागि दिनु भएका टेलिभिजन लगायत आ-आफ्नो सरसामानहरु उक्त मिती अगावै बुझि लिएर जानु हुन सुचित गरिन्छ । उक्त समय भित्र आ-आफ्नो सामान लिएर नगएमा हामी कुनै जिम्मेवार हुने छैनौं ।

**भवदीय**
**प्रो. राजेश कुमार अर्याल**

## निर्वाचनका लागि १ लाख ३३ हजार ९ सय ८० म्यादी प्रहरीको भर्ना आह्वान

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ पुस ।**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १ लाख ३३ हजार ९ सय ८० जना म्यादी प्रहरीको भर्ना आह्वान गरिएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयले बिहीबार सूचना जारी गर्दै इच्छुक योग्यता पुगेका उम्मेदवारलाई भर्ना प्रक्रियामा सहभागी हुन सूचित गरेको हो ।

निर्वाचन प्रहरीका लागि यही पुस २५ गतेदेखि आगामी माघ १ गतेसम्म ७७ वटै जिल्ला प्रहरी कार्यालयमा दरखास्त दिन सकिने छ । दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

निर्वाचन प्रहरीमा नेपाली नागरिक, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, भर्ना हुने समयमा कुनै राजनीतिक दलको सदस्य नभएको, शारीरिक तथा मानसिक रूपमा स्वस्थ्य रहेको, आतङ्ककारी तथा विध्वंसात्मक सङ्गठनको सदस्य नरहेका व्यक्तिले फारम भर्न सक्ने केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले जानकारी दिए ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालबाट सेवा निवृत्त पूर्वसुरक्षाकर्मी वा पूर्ववन रक्षक तथा सुरक्षा सङ्गठनमा गत माघदेखि यही पुस मसान्तसम्म विभिन्न पदमा भर्नाका लागि आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षण उत्तीर्ण भएका व्यक्तिलाई निर्वाचन प्रहरीका रूपमा छनोट गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

त्यस्तै यसअघि सम्पन्न प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका निर्वाचनमा म्यादी प्रहरीका रूपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्ति तथा विदेशी मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरी सेवा निवृत्त भएका नेपाली नागरिकलाई निर्वाचन प्रहरीमा छनोट गरिने प्रहरी नायब महानिरीक्षक काफ्लेले बताए ।

आगामी माघ ५ गतेदेखि ९ गतेसम्म आवेदक मध्येबाट प्रारम्भिक छनोट गरिने तथा अन्तिम नतिजा माघ १२ गते प्रकाशित गर्ने कार्यतालिका रहेको छ । माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई तालिम तथा प्रशिक्षण दिइनेछ ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति पाएको मितिले ४० दिन वा नेपाल सरकारले तोकेबमोजिम हुनेछ । निर्वाचनको अवधिका आधारमा निर्वाचन प्रहरीको कार्यअवधि

***बाँकी तीन पृष्ठमा***

## साधारण सभाको मिति सरेको सूचना

यस संस्थाको २३ औ बार्षिक साधारणसभा मिति २०८२/०९/२६ गते शनिबार हुने भनिएकोमा विशेष कारणवस २०८२/१०/१० गते बिहान ११:०० बजे संस्थाको कार्यालय भवन माथी हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारीको लागि हार्दिक अनुरोध छ ।

**तपसिल**
**मिति :** २०८२ माघ १० गते शनिबार
**समय :** बिहान ११ बजे
**स्थान :** संस्थाको कार्यालय, राजविराज

**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, राजविराज, सप्तरी,**
**सम्पर्क नं. ०३१-५३३०९६**

**श्री राष्ट्रिय माध्यमिक विद्यालय**
रम्पुरा मल्हनियाँ, सप्तरी
हनुमाननगर कंकालिनी नगरपालिका-१४
स्थापित : २०१६ साल

पत्र सं २०८२ ०८३ मधेश प्रदेश
चलानी न २२ कोड न १५०९९०००८ मिति २०८२ ०९ २५

विषय :- विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस श्री राष्ट्रिय माध्यमिक विद्यालय रम्पुरा मल्हनियाँ हनुमाननगर कंकालिनी न.पा.-१४ सप्तरीको शिक्षक छनौट समितीको मिती २०८२ ०९ २३ गतेको निर्णय अनुसार विद्यालय साहायक कर्मचारी (लेखापाल) र संघिय शिक्षण सिकाइ अनुदान कोटामा इच्छुक उम्मेदवारहरुबाट आवश्यक कागजात सहित मिती २०८२/०९/२५ गते देखि मिती २०८२/१०/०९ सम्म (१५ दिन भित्र तपशिल अनुसार आवेदन दिन दरखास्त आहवान गरिएको छ ।

**तपशिल**

| क्र स | विज्ञापन न | तह | पद | किसिम | पद संख्या | न्यूनतम योग्यता | दस्तुर | तलब | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१ २०८२ ०८३ | - | विद्यालय सहायक कर्मचारी (लेखापाल) | करार | १ | वाणिज्य संकायमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको | ८००/- | नियमानुसार | लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक |
| २ | ०२ २०८२ ०८३ | मा वि | शिक्षक | करार (शिक्षण सिकाइ अनुदान) | १ | मूल विषय गणित लिई B.Ed. वा सो सरह उतिर्ण भएको | १०००/- | नेपाल सरकारको नियमानुसार | लिखित र मौखिक |
| ३ | ०३ २०८२ ०८३ | मा वि | शिक्षक | करार (शिक्षण सिकाइ अनुदान) | १ | मूल विषय अङ्ग्रेजी लिई B.Ed. वा सो सरह उतिर्ण भएको | १०००/- | नेपाल सरकारको नियमानुसार | लिखित र मौखिक |

**पेश गर्नुपर्ने कागजातहरु :-**
क. शैक्षिक योग्यताको प्रमाणपत्र आफैंले प्रमाणित गरेको प्रतिलिपी थान-१
ख. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान-१
ग. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी थान-१ (शिक्षक पदको लागी मात्र)
घ. पासपोर्ट साइजको फोटो थान-२
ङ. हस्त लिखित निवेदन थान-१
च. कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपी थान-१ (विद्यालय सहायक कर्मचारीको लागी मात्र)
छ. आवेदन दस्तुर विद्यालयको च.हि. न २१८०१००००१६८७००१ रा.बा. बैक राजबिराजमा जम्मा गरेको सक्कल भौचर फाराम साथ अनिवार्य राख्नुपर्ने छ वा नगद आवेदन साथ बुझाउनु पर्ने छ ।
ज. उम्मेदवारको उमेर १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको हुनुपर्ने ।
झ. कुनै उम्मेदवारले झुठा विवरण पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै बखत रद्द गरी कानुन बमोजिम कार्यवाही गरिनेछ ।
ञ. विद्यालय सहायक कर्मचारीको पठ्यक्रम बिद्यालयने तोके बमोजिम हुनेछ ।
ट. मा वि तहको लागी शिक्षक सेवा आयोगले खुल्ला प्रतियोगितात्मक परीक्षाको लागी तोकिएको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।
ठ. प्रथम पत्रको परीक्षा उतिर्ण भएका उमेदवारहरुलाई मात्र दोस्रो पत्रको परीक्षामा समावेश गराउनेछ ।
ड. आवेदन बुझाउने स्थान - सम्बन्धित बिद्यालय (बिहान १० बजे देखि दिउसो ४ बजे सम्म)
ढ. सम्पर्क मिती :-२०८२ १० ११ गते विद्यालय समयमा ।
ण. परीक्षा मिती :- सम्पर्क मितीमा तोकिने छ ।
त. थप जानकारीको लागी सम्पर्क न ९८०६३०१०८१

शिक्षक छनौट सदस्य सचिव
प्रधानाध्यापक
अशोक कुमार साह

## सम्पादकीय

### महिला सहभागिता आवश्यक

अहिलेको परिवेशमा प्रत्येक क्षेत्रमा महिलाको सहभागिता आवश्यक रहेको छ। महिलाहरु विकासका सरल र सहज संवाहक हुन् भन्ने कुरा पनि बुझ्नु जरुरी छ। तर, पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाहरुको सहभागिता कागजमै सीमित बन्न पुगेको छ। आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रुपमा महिला पछाडि धकेलिँदैछन्। केहीले पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाहरुका लागि समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ।

जबसम्म विकासको समग्रतालाई मनन् गरेर महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहित गरिँदैन तबसम्म समग्र विकासको कल्पना समेत गर्न सकिदैन्। महिलाहरुको पहुँच र नियन्त्रण स्थानीय श्रोत र साधनमा नहुनु दुःखलाग्दो मात्र नभई अमानवीय पनि हो। जुन श्रोत-साधनको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न महिलाहरु तत्पर रहन्छन् उनीहरुको तदारुकताका साथको सहभागिता देखापर्छ, त्यही सहभागिता श्रोतको बाँडफाँडको बेला देखिदैन। महिलाहरुको पनि आर्थिक उत्पादन, सामाजिक जीवन लगायतका कार्यमा संलग्नताले उनीहरुको अवस्था परिवर्तनमा धेरै मद्दत गर्नेछ।

महिलाहरुको उत्थानका क्रममा स्वयं महिलाहरुसँगै पुरुषले पनि सहकार्य गर्नुपर्ने आवश्यकता रहेको छ। तसर्थ महिलाको पहुँचलाई श्रोत साधन सम्म पुऱ्याउनु पर्ने हुदा महिलाहरुलाई आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा अगाडी बढाउनका लागि प्रोत्साहन आवश्यक रहेकोमा दुईमत नहोला।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# आगामी प्रतिनिधिसभा निर्वाचनमा ८० हजार सेना परिचालन हुने

काठमाडौं, २४ पुस (रासस)।

नेपाली सेनाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ।

नेपाली सेनाका सहायक रथी एवम् प्रवक्ता राजाराम बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाटसमेत स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "निर्वाचनका लागि एकीकृत सुरक्षा योजनाले मार्ग निर्देशन गरेअनुरुप निर्वाचनको एक महिना अघिबाट फिल्डमा सेना परिचालन हुनेछ।"

एकीकृत सुरक्षा योजना सरकारबाट अनुमोदन र सेनाको परिचालनका सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्‌बाट पनि स्वीकृत भइसकेको छ। निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम गर्नेछ। निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ सुरक्षादेखि महत्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी सेनाले बहन गर्नेछ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ।

निर्वाचनका सिलसिलामा सेनाले चार वटै सुरक्षा निकाय र जिल्ला प्रशासनसँगको समन्वय, सहयोग र सहकार्यमा तल्लो तहसम्म निर्वाचनसँग सम्बन्धित एकीकृत तालिम र अभ्यास सञ्चालन गर्नेछ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहज होस् भन्ने हेतुले उक्त तालिम र अभ्यास गरिने छ।

मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभुति दिलाउने छ।

विगतमा जस्तै आगामी निर्वाचनलाई लक्षित गरी सेनाले देशका विभिन्नस्थलमा सुरक्षा बेश स्थापना गर्ने तयारी गरेको छ। फागुन २१ गते मतदान सम्पन्न भएसँगै मत पेटिकाको ढुवानीदेखि मतगणनास्थलको सुरक्षालगायतका जिम्मेवारी सेनाले गर्नेछ।

तोकिएको मितिमा निर्वाचन भयमुक्त वातावरणमा सम्पन्न गर्ने सिलसिलामा अहिले प्रदेशस्तरमासमेत सुरक्षा गोष्ठी सञ्चालन भइरहेका छन्। गोष्ठीमा प्राप्त सुझावका आधारमा परिस्थितिको मूल्याङ्कन र विश्लेषण गरी सरकारले थप सुरक्षा प्रबन्ध मिलाउनेछ।

सबै सुरक्षा फौज, स्थानीय प्रशासन र जनप्रतिनिधि सुरक्षाबीचका समन्वय र सहकार्यमा राज्यको प्राथमिक कार्यभारकारुपमा रहेको निर्वाचन सुरक्षा प्रदान गर्न आफूहरु तयार रहेको सेनाको भनाइ छ।

# सामाजिक सञ्जाल प्रयोगको नीतिविरुद्ध जाने नायब महानिरीक्षकसहित ५९९ प्रहरी कारबाहीमा

काठमाडौं, २४ पुस (रासस)।

नेपाल प्रहरीको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी नीति विपरीत गैर व्यावसायिक एवम् अमर्यादित सामग्री पोष्ट गर्ने ५९९ जना प्रहरीलाई कारबाही गरिएको छ।

आर्थिक वर्ष २०७७/७८ देखि हालसम्म फेसबुक, एक्स, टिकटकलगायतका विभिन्न सामाजिक सञ्जालमा सङ्गठनविरुद्ध अमर्यादित टिप्पणी गर्ने एवम् प्रहरी पोशाकको दुरूपयोग गर्ने प्रहरी नायब महानिरीक्षकदेखि कार्यालय सहयोगीसम्मलाई विभागीय कारबाही गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो।

कारबाही पर्नेहरूमा एक प्रहरी नायब महानिरीक्षक, एक प्रहरी वरिष्ठ उपरीक्षक, चार प्रहरी उपरीक्षक, पाँच प्रहरी नायब उपरीक्षक, २४ प्रहरी निरीक्षक, ११ प्रहरी वरिष्ठ नायब निरीक्षक, २४ प्रहरी नायब निरीक्षक, ५१ प्रहरी सहायक निरीक्षक, सात प्रहरी वरिष्ठ हवल्दार, ३५ प्रहरी हवल्दार, ७६ सहायक हवल्दार, ३५८ प्रहरी जवान र कार्यालय सहयोगी दुईजना रहेका छन्।

उनीहरूलाई सङ्गठनको नीति विपरीत कार्य गरेकोमा सख्त चेतावनी, नसिहतदेखि बढुवा रोक्कासम्मको कारबाही गरिएको उहाँले जानकारी दिनुभयो। नेपाल प्रहरीले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन मिति २०७१ मा परिपत्र गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोग गर्नेसम्बन्धी निर्देशिका जारी गरेको थियो।

नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी कार्यादेश २०७७ एवम् प्रहरी प्रधान कार्यालयबाट विभिन्न मितिमा गरिएका परिपत्रहरुमा समेत प्रहरीले सामाजिक सञ्जालमा गैर व्यावसायिक र अमर्यादित आचरण प्रदर्शन नगर्न भनिएको थियो।

## श्रम मन्त्रालयद्वारा 'इपिएस' परीक्षा पास गरेकाका पक्षमा निर्णय

काठमाडौं, २४ पुस (रासस)।

सरकारले दक्षिण कोरिया जाने प्रयोजनका लागि रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षा उत्तीर्ण गरी रोस्टरमा रहेका तर, विभिन्न कारणले हालसम्म अवसर नपाएका व्यक्तिको पक्षमा तीन वटा निर्णय गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इपिएस प्रणालीबाट कोरिया जान तयार गरिएको रोस्टरको हालको सीमाले रोजगारीको लागि कोरिया जान इपिएस परीक्षा पास गरेका तर रोजगारी प्राप्त गर्न नसकेका उम्मेदवारसमेत अवसरबाट वञ्चित भएकाले हालको प्रणालीमा देखिएको रोस्टर मान्य अवधि थप गर्ने विषयमा कोरिया सरकार समक्ष कूटनीतिक पहलमार्फत अनुरोध गर्ने निर्णय गरेको छ।

त्यसैगरी इपिएस प्रणाली अन्तर्गत कोरिया जाने रोस्टरमा रहेका व्यक्तिका मागलगायत इपिएस प्रणाली अन्तर्गत नेपाली कामदारको कोरिया जाने कोटा वृद्धि गर्ने विषयमा आवश्यक कूटनीतिक पहल गर्ने र इपिएस प्रणालीमार्फत कोरिया जाने रोस्टरमा रहेका व्यक्तिको व्यक्तिगत विवरण रोजगारदातासमक्ष पठाउने प्रक्रिया लगायतका विषयको पारदर्शीता र निष्पक्षता कायम गर्न आवश्यक सुझावसहित सिफारिस गर्न कार्यदल गठन गर्ने समेत निर्णय गरेको हो।

यही पुस १८ गतेको मन्त्रिस्तरीय निर्णयलाई कार्यान्वयनमा लैजान पहल भइरहेको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताउनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय राजबिराज, सप्तरी**

प.सं. ०८२/०८३
च.नं. ४०००

भूमिसुधार तथा मालपोत कार्यालय, राजबिराज, सप्तरीबाट जारी भएको छुट जग्गा दर्ता सहित नामसारी सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मिति :- २०८२/०९/२२

जिल्ला सप्तरी नर्घो गा.वि.स. वडा नं. ८ हाल परिवर्तित राजगढ गाउँब्लक वडा नं. ३ बस्ने रुपी यादवको छोरा लक्ष्मी यादवले २०१६ सालको नापी प्रगना जगदर मौजे नर्घो रैती अनुपलाल यादवको नाममा साविक कित्ता नं. ११ ज.वि. ०-१३-१५ दर्ता रही ७ नं. फाँटवारी अनुपलाल यादवको नाममा कायम रही २०२८ सालको सर्वे नापीको बखत उक्त जग्गा गा.वि.स. नर्घो वडा नं. ९क कित्ता नं. ३५१ ज.वि. ०-१५-१५ नाप नक्सा कायम भई सो साविक कि.नं. ३५१ सप्तरी जिल्ला अदालतमा मिलापत्र बमोजिम रुपी यादवको छोराहरु मध्ये सुवीलाल यादव र लक्ष्मी यादवको अंशभागमा परी सुविलाल यादवले आफ्नो अंशभागको छुट दर्ता नामसारी गराई जग्गा धनि पुर्जा समेत प्राप्त गरे बाँकी निज लक्ष्मी यादवको अंशभागको बाँकी कि.नं. ३५१/९२६ ज.वि. ०-९-२ जग्गा छुट दर्ता नामसारी गरी पाउँ भनि द.नं. ८७८५ मिति २०८०/०९/०३ गतेको यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकको माग दावी बमोजिम निजको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनि प्रमाण पुर्जा दिन नमिल्ने वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य सांध संधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाँप-जाँच भएको भए वा कोही कसैले तपसिलका जग्गाहरुको हकमा दर्ता नामसारीको प्रकृयामा यो सूचना गर्नु पूर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे/भएको भए वा कुनि पनि अड्डा अदालतमा विचाराधिन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असर पर्न जाने भए यो हकवादी सम्बन्धी ३५ दिने सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजुर/दावी पर्न नआए निवेदकको माग दावीलाई कानून बमोजिम स्वीकार गरी छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजुर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्धारा अवगत गाईन्छ।

| २०१६ सालको साविक कि.नं. ११ ज.वि. ०-१३-१५ | ज.ध.को बुवाको नाम | ज.ध.को बाजेको नाम | जिल्ला | गा.वि.स. | वाड नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेख भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | सप्तरी | नर्घो | ९क | ३५१/९२६ | ०-९-२ | |

# आचारसंहितामा नयाँ बुँदा थपियो

काठमाडौँ, २४ पुस (रासस)।
निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा सञ्चारसम्बन्धी नयाँ बुँदा थप गरेको छ।

आयोगले बुधबार यहाँ कार्यक्रम गरी निर्वाचन प्रचारप्रसार निषेध अवधीमा कुनै पनि प्रकारका छलफल, अन्तक्रिया, सभासम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने, कुनै पनि विधि, प्रविधि वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने व्यवस्था थप गरेको जानकारी गराएको छ।

नयाँ प्रावधानअनुसार, अनलाइनमाध्यमको निर्वाचन प्रचारप्रसार खर्चको विवरण समेत निर्वाचन खर्चमा समावेश गर्नुपर्ने, राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठनले अनलाइन सञ्चारमाध्यमबाट गर्ने प्रचारप्रसारलाई व्यवस्थित गरी त्यस्तो खर्चलाई निर्वाचन खर्च विवरणमा समावेश गर्नुपर्ने व्यवस्था राखिएको छ।

त्यस्तै, थपिएको नयाँ बुँदामा संविधानद्वारा प्रत्याभूत पूर्ण प्रेस स्वतन्त्रता र यसको स्वनियमनलाई आन्तरिकीकरण गरिएको उल्लेख छ। सामाजिक सञ्जालको परिभाषालाई विस्तृत सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषामा गरिएको छ भने बदलिँदो समयमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोग गरी हुने आचारसंहिताको उल्लङ्घनका विषयलाई समेटिएको छ।

पत्रपत्रिकाका माध्यमबाट प्रचारप्रसार गर्दासम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको र अनलाइन सञ्चार माध्यमबाट रोड ब्लक, कन्टेन्ट ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (सामाचारको बीचमा) का माध्यमबाट निर्वाचन प्रचारप्रसार गराउनसक्ने व्यवस्था मिलाइएको छ।

कार्यक्रममा मन्त्रालयका सचिव राधिका अर्यालले निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नु सबैको दायित्व भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीसँग जेजस्तो अवस्थामा छौँ, अधिकतम नतिजा हासिल गर्नेगरी कार्यसम्पादन गर्नुपर्छ। अभावको पक्षलाई धेरै जोड दिन हुन्न।"

निर्वाचन आचारसंहिताको आफूले पूर्ण रूपमा पालना गर्न र गराउन सुझाव दिँदै उहाँले आफ्नो कार्यालयको जिम्मेवारी क्षेत्रका विषयलाई गुनासो र प्रश्न नआउने गरी काम गर्न निर्देशन दिनुभयो।

सम्भावनाका आधारमा आफ्ना संरचनालाई प्रयोग गरी नतिजा प्राप्त गर्नेगरी काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले तुलनात्मक रूपमा चुनौती देखिएको आइटीकाबारे थप छलफल हुनुपर्ने बताउनुभयो। दर्ता नभएका अनलाइन सञ्चारमाध्यमलाई दर्ताका लागि सूचना र पत्रचार गर्न सुझाव दिँदै उहाँले दर्ता नभएका अनलाइनलाई नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

राष्ट्रिय समाचार समिति (रासस)का महाप्रबन्धक सन्दिपकुमार राइले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै समितिलाई प्राप्त जिम्मेवारी समयमै कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभयो।

# निषाद जातिको रिटमा लिखित जवाफ माग

काठमाडौँ, २४ पुस (रासस)।
सर्वोच्च अदालतले निषाद जातिलाई आरक्षण कोटा निर्धारण गर्न आदेश माग गर्दै दायर गरेको रिट निवेदनमा कारण देखाउ आदेश गर्दै लिखित जवाफ माग गरेको छ।

न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले प्रारम्भिक सुनुवाइ गर्दै मनासिब आधार, कारण र सबुद प्रमाणसहित सूचना प्राप्त मितिले १५ दिनभित्र लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालयमार्फत पेस गर्न माग गरेको हो।

सङ्घीय संसद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतलाई विपक्षी बनाइ नेपाल निषाद एकता समाजको तर्फबाट खजान्ती महतो नुनीयाले यही पुस १८ गते दायर गरेको रिट निवेदकले उठाएको विषय सङ्घीय संसद्बाट सम्बोधन हुनुपर्ने प्रकृतिको देखिएकाले लिखित जवाफ माग गरेको सर्वोच्चले जनाएको छ।

निषाद जातिभित्र नुनिया, बिन, मलाह, केवट, केवरत, तुराहा, अमात, कोल/कौल, कहार, खुलवट, खुलवट/खुनोट, गनगाई, गोड, गोंढी, चाँय/चायभ/चाई, चौहन, तीयार, धिमर/धीवर, वहरदार, वेल्दार, वोट, राजभर, सोरहिया/सोरैया,बनपर, गौड, बोटे, मोडियारी/मोरियारी पर्दछन्।

रिट निवेदनमा राज्य संयन्त्रबाट पछाडि पारिएकाले राज्यका निजामति, सरकारी, अर्धसरकारी, गैर सरकारी, सैनिक, प्रहरी प्रशासन, कूटनीतिक नियोगजस्ता निकायमा आरक्षण कोटा निर्धारण गर्न आदेश माग गरिएको थियो।

निषाद जातिको बसोबास मुख्यतः मधेश (तराई) को प्रत्येक जिल्लाको नलीनाला, खोला, खोल्साको छेउ किनार, बस्तीमा पाइन्छन्। यो जातिको मुख्य पेसा माछा मार्ने, डुङ्गा तार्ने, खेतीपानी गर्ने, ज्याला मजदुरी गर्ने हो।

यी समुदाय बाढीपहिरोमा प्रभावित हुने गरेका छन्। मधेसी आयोगले प्रकाशित गरेको नेपालमा मधेसी समुदायको वस्तुस्थिति विवरणमा निषाद जाति आठलाख १४ हजार २१६ भन्दा बढी नागरिक रहेको उल्लेख छ।

### *निर्वाचनका लागि ...*

हेरफेर भएमा सोहीअनुसार हुने सूचनामा उल्लेख छ। निर्वाचन प्रहरी छनोटका लागि सरकारले निर्वाचन प्रहरी भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ स्वीकृत गरिसकेको छ।

निर्वाचन प्रहरीले नेपाल प्रहरी जवानको सुरु तलब स्केलसरह प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनसम्मका लागि ३४ हजार ७ सय ७६ पाउनेछन्। निर्वाचन प्रहरीलाई सम्बन्धित जिल्लाको नेपाल प्रहरीले पाए सरहको दररेटअनुसार प्रतिनिर्वाचन प्रहरी ४० दिनको लागि खाद्यान्न बापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराइने प्रहरी प्रधान कार्यालयले जनाएको छ।

त्यस्तै निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारी स्वरुप प्रतिनिर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट ८ सय ४६ का दरले तयारी खर्च उपलब्ध गराइनेछ।

प्रतिदिन प्रतिनिर्वाचन प्रहरी ३ सयको दरले चार दिनका लागि एकमुष्ट १ हजार २ सय खाजा खर्च उपलब्ध हुनेछ। नेपाल प्रहरीको प्रधान कार्यालयबाट तोकिए बमोजिमको दररेटका आधारमा पोसाक बापतको रकमसमेत निर्वाचन प्रहरीले पाउनेछन्।

कर्तव्य पालनको सिलसिलामा निर्वाचन प्रहरी घाइते भएमा निज स्वयमले र मृत्यु भएको खण्डमा निजको नजिकको हकदारले नेपाल सरकारबाट तोकिए बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नेछन्।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

मिति: २०८२/०९/२१

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।**

रैती नं. १९९ बर्तनिया तेलिनको नाममा दर्ता रहेको साविक प्रगन्ना मझौंया मौजे बेल्ही चपेनाको हाल तपसिल बमोजिम नापी भएको जग्गा हक भोग बमोजिम छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. बेल्ही चपेना वडा नं. ७ हाल परिवर्तित राजगढ गा.पा. वडा नं. ४ बस्ने जमेदार साहको छोराहरु बमभोली साह-१ अमर कुमार साह-१ राम नारायण साह-१ बालगोविन्द साह-१ बालकृष्ण साह-१ रामचन्द्र साह-१ प्रभु नारायण साह-१ हिरालाल साहको छोरा राम प्रसाद साह-१ हिरालाल साहको बुहारी हरि नारायण साहको पत्नी रिता देवी साह -१ हिरा लाल साहको नाति बालेश्वर साहको छोरा कमल देव साह-१ र हिरा लाल साहको नाति बालेश्वर साहको छोरा राज नारायण साह-१ समेत जना- ११ को यस कार्यालयमा द.नं. १४१३१ मिति २०८२/०९/१७ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १३३३,१३३४,१५३५ र १५३६ | बेल्ही चपेना | ७क | ३१२ (पोखरी डिल) | ०-१०-० | बर्तनिया तेलीन | फिल्डबुक को जग्गाधनी महल, किसान महल र कैफियत महल खालि रहेको र श्री स.जि.अ. को च.नं. ११२९७ मिति २०७५/०२/३१ र च.नं. २३२१ मिति २०७५/०५/२६ गतेको दा.खा. पुर्जी भएको ।निज बर्तनिया तेलिनको हक खाने दुई जना छोराहरु जेठा हिरालाल साह र कान्छा जमेदार साह बीच अंश बाडफाट हुँदा कि.नं. ३१२ को ज.वि. ०-१०-० मध्ये आधा महार पुर्व तर्फ बाट ०-५-० हिरालाल साहको हक खाने हकदार हामी निवेदक ४ जना राम प्रसाद साह, कमल देव साह, राज नारायण साह र रिता देवी साह को हकभोग मा रहेको र आधा महार पश्चिम तर्फ बाट ०-५-० तथा कि.न. ३१३ को ज.वि. ०-१०-८ पानि झाव (पोखरी) ससिम जमेदार साहको हक खाने हकदार हामी निवेदकहरु बालगोविन्द साह, बमभोली साह, बालकृष्ण साह, रामचन्द्र साह, अमर कुमार साह, राम नारायण साह, प्रभु नारायण साह समेतको हक भोगमा रहेको भनि माग निवेदन रहेको । |
| २४६ | बेल्ही चपेना | ७क | ३१३ (पोखरी) | ०-१०-८ | | |


# विश्व समाचार

## बङ्गलादेशमा बीएनपी नेता अजिजुर रहमान मुसब्बिरको गोली हानी हत्या

ढाका २४ पुस (रासस/एएनआई)।
बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी)का नेता अजिजुर रहमान मुसब्बिरको गोली हानी हत्या गरिएको तथा कारवान बजार भ्यान एसोसिएसनका महासचिव अबु सुफियान मसुद गोली हानाहानमा घाइते भएको स्थानीय मिडियाले जनाएका छन्। मुसब्बिर बङ्गलादेश नेसनलिस्ट पार्टीको स्वयंसेवक शाखा ढाका सिटी नर्थ स्वेच्छासेवक दलका पूर्व महासचिव रहेको जनाइएको छ। बुधबार राति ८:४० बजे राजधानीको बसुन्धरा मार्केट पछाडिको बजार क्षेत्रमा अज्ञात बन्दुकधारीले अजिजुरलाई निशाना बनाएर गोली हानेको जनाइएको छ।

तेजगाँव डिभिजनका अतिरिक्त प्रहरी उपायुक्त (एडिसी) फजलुल करिमले मुसब्बिरको मृत्यु भएको पुष्टि गर्नु भएको छ। उहाँले "स्टार कबाबको छेउमा रहेको गल्लीमा अज्ञात समूहले दुई जनालाई गोली हान्दा मुसब्बिरको मृत्यु भएको उल्लेख गर्दै अर्को जना व्यक्तिलाई उपचारका लागि ढाका मेडिकल कलेजमा पठाइएको बताउनु भएको छ। मोटरसाइकलमा आएका आक्रमणकारीहरूले फायरिङ गरेपछि कारवान बजारमा स्टार कबाब अगाडि गोली आन्दा मुसब्बिर र अबु सुफियान गम्भीर घाइते भएकोमा मुसब्बिरलाई बिआरबी अस्पतालमा उपचारको लागि लगिएको अवस्थामा मृत्यु भएको उल्लेख गरिएको छ।

द डेली स्टारका अनुसार मुसब्बिरले शरियतपुरका बासिन्दाहरूको समूहसँग सुपर स्टार होटल नजिकैको कार्यक्रममा सहभागी भई मुसब्बीर र मसुद नजिकैको गल्लीबाट हिँड्दै गर्दा दुई आक्रमणकारीले घटनास्थलबाट भाग्नुअघि गोली चलाएका थिए। गोलीकाण्डपछि सोना र गाँव चौराहा नजिकै स्थानीय बिएनपी सदस्यहरू समावेश भएको समूहले विरोध प्रदर्शन गरेको थियो। हालैका हप्ताहरूमा देश भरि राजनीतिक हिंसा बढेको खबरहरूबीच फेब्रुअरी-१२ मा हुने राष्ट्रिय चुनावअघि कानून र व्यवस्थाको चिन्तामा यस घटनाले अशान्ति बढाएको छ।

## रूसी आक्रमणका कारण युक्रेनमा दश लाख मानिसहरु पानी र बिद्युतबाट वञ्चित

किएभ २४ पुस (रासस/एएफपी)।
युक्रेनमा भएको रूसी आक्रमणको कारण निप्रोपेट्रोभस्क क्षेत्रमा दश लाख भन्दा बढी मानिसहरूलाई पानी र बिद्युत आपूर्ति विहिन भएको जनाइएको छ भने तापक्रम तुलनात्मक रुपमा निकै तल झरेको उल्लेख गरिएको छ। अघिल्लो जाडोमा जस्तै, रूसले युक्रेनको ऊर्जा केन्द्रहरुमा आफ्नो आक्रमणलाई तीव्र बनाएको छ, जसले किएभ र यसका सहयोगीहरूले नागरिकहरुलाई समस्या पार्न जानाजानी आक्रमण गरेको बताएका छन्। ठूलो मात्रामा भएको रुसी ड्रोन आक्रमणले जापोरिभिया क्षेत्रमा पनि विद्युत आपूर्ति बन्द हुँदा हजारौँलाई बिजुलीबाट वञ्चित पारेको रूसका ग्रिड अपरेटर युक्रेनेर्गोले बताउनु भएको छ।

"दस लाख भन्दा बढी ग्राहकहरुका लागि विद्युत र पानी आपूर्ति पुनर्स्थापना गर्न दनिप्रोपेट्रोभस्क क्षेत्रमा मर्मत कार्य जारी रहेको पुनर्स्थापना मन्त्री ओलेक्सी कुलेबाले सामाजिक सञ्जाल मार्फत जनाउनु भएको छ। युक्रेनी वायु सेनाले रूसले ९७ वटा ड्रोनले आक्रमण गरेको र ७० वटा हवाई रक्षा प्रणालीद्वारा विभिन्न २७ वटा स्थानमा आक्रमण गरेको बताएको छ। आक्रमणमा ड्निप्रोपेट्रोभस्कको महत्वपूर्ण ऊर्जा पूर्वाधार क्षतिग्रस्त भएको सैन्य प्रमुख भ्लादिस्लाव गाइभानेन्कोले बताउनु भएको छ। "अवस्था कठिन भएको बताउँदै सुरक्षा अवस्थाले अनुमति दिए लगत्तै, ऊर्जा कामदारहरूले पुनर्स्थापना कार्य सुरु गर्ने उहाँले टेलिग्राम मार्फत बताउनु भएको छ।

जापोरिभियामा, बिजुली आपूर्ति "प्रमुख सुविधाहरू" मा पुनर्स्थापित गरिएको भएता पनि अधिकांश उपभोक्ताहरू अझै पनि बिजुली विहीन भएको गभर्नर, इभान फेडोरोभले जनाउनु भएको छ। किएभले आफ्नो ऊर्जा ग्रिडको लामो समय देखि चलिरहेको लक्ष्यलाई रूसी तेल डिपो लगायतमा आक्रमण गरी प्रतिक्रिया दिएको छ भने मस्कोको महत्त्वपूर्ण ऊर्जा निर्यात कटौती गर्न र ईन्धनको अभाव निम्त्याउन खोजिरहेको छ।

## पेट्रो-ट्रम्प टकरावले कोलम्बिया कूटनीतिक दोधारमा

बोगोटा, २४ पुस (रासस/एपी)।
भेनेजुएलामा ट्रम्प प्रशासनले गरेको सैन्य हस्तक्षेपलाई लिएर कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोले गरेको कडा आलोचनाले वासिङ्टन र बोगोटाबीचको सम्बन्धलाई अभूतपूर्व तनावमा पुर्‍याएको छ। यस हस्तक्षेपलाई पेट्रोले ल्याटिन अमेरिकी सार्वभौमसत्तामाथिको 'घृणित उल्लङ्घन' भन्दै सन् १९३७ मा नाजी जर्मनीले स्पेनको गुएर्निकामा गरेको कार्पेट बमबारीसँग तुलना गर्नुभएको छ। अमेरिकाको ऐतिहासिक रूपमा निकट सहयोगी रहँदै आएको कोलम्बियाबाट यस्तो तीव्र प्रतिक्रिया आउनु असामान्य मानिएको छ। विगत तीन दशकदेखि लागुऔषध तस्करी नियन्त्रण, विद्रोही समूहविरुद्धको कारबाही र ग्रामीण विकासका क्षेत्रमा संयुक्त राज्य अमेरिका र कोलम्बियाबीच गहिरो सहकार्य हुँदै आएको छ। यही सहकार्यअन्तर्गत वासिङ्टनले कोलम्बियालाई अर्बौं डलरको सहायता प्रदान गरेको छ।

तर राष्ट्रपति पेट्रोले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोको अमेरिकी नियन्त्रणलाई खुलेर विरोध गरेपछि उहाँ र राष्ट्रपति डोनाल्ड ट्रम्पबीच शब्दयुद्ध चर्कियो। ट्रम्पले कोलम्बियामा अमेरिकी सैन्य कारवाही 'उचित हुन सक्ने' टिप्पणी गरेपछि पेट्रोले राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्न जनतालाई सडकमा उतार्न आह्वान गर्नुभयो। त्यसको प्रत्युत्तरमा हजारौं कोलम्बियालीहरू सार्वजनिक चोकहरूमा भेला भई 'स्वतन्त्र र सार्वभौम कोलम्बिया अमर रहोस्' भन्ने नारा लगाए। तर सबैलाई चकित पार्दै विरोध प्रदर्शनकै दिन राष्ट्रपति पेट्रोले आफ्नो अघिल्लो कडा अभिव्यक्ति नरम पार्दै राष्ट्रपति ट्रम्पसँग भएको मैत्रीपूर्ण टेलिफोन वार्ताको जानकारी दिनुभयो। उहाँले दुवै सरकारबीच प्रत्यक्ष संवाद पुनःस्थापित गर्न आग्रह गरेको र संवाद नहुँदा द्वन्द्वको खतरा बढ्ने चेतावनी दिनुभएको बताउनुभयो।

